मुक्तिनाथ दर्शन सेवा
दैनिक माइक्रोबस छुट्ने समय :
बिहान ६:३० बजे
पोखरा साइडसिन सेवा
पोखरा उपत्यका घुम्नका लागि बस छुट्ने समय : बिहान ९:00 बजे
रुट नं. १ : पुम्दीकोट, शान्ति स्तुपा, डेभिजफल, फेवाताल, विन्ध्यवासिनी मन्दिर, महेन्द्र गुफा
रुट नं. २ : बेगनास ताल, रुपा ताल, इन्टरनेशनल माउन्टेन म्युजियम, पचभैया वन्यजन्तु चिडियाघर
मानसरोवर ट्राभल एण्ड टुर्स प्रा.लि.
नागढुंगा, पोखरा-९, फोन नं : 061-589012
544439, 9856051659, 9856034631



राष्ट्रिय दैनिक

# पोखरापत्र

Pokharapatra National Daily



रु. १५ मा
कलर भिजिटिङ कार्ड
साथै
तुरुन्त क्यालेन्डर पुस्तक, स्मारिका आदि छपाई गर्नु परेमा
सम्पर्क:
०६१-५७०६५१, ९८५६०७५५७५



❑ वर्ष २७ ❑ अङ्क १९१ ❑ श्रेणी क्षेत्रीय 'क' ❑ २०८३ साउन १० गते आइतबार ❑ 26 July 2026 ❑ पृष्ठ ४ ❑ मूल्य रू. ५।–


## पोखरालाई वेलनेस पर्यटनको केन्द्र बनाउन बहस सुरु भएको छ : बोर्ड सदस्य पोखरेल

**पोखरापत्र संवाददाता**
पोखरा, ९ साउन

नेपाल पर्यटन बोर्डका नवनियुक्त कार्यकारी सदस्य सन्तोष पोखरेलले पोखरालाई नेपालकै वेलनेस (आरोग्य) पर्यटनको केन्द्रका रूपमा विकास गर्न बहस सुरु भएको बताउनु भएको छ।

शनिबार पोखरामा सञ्चारकर्मीसँग कुराकानी गर्दै उहाँले पोखरा प्राकृतिक सौन्दर्य, आतिथ्य (हस्पिटालिटी), वेलनेस तथा आरोग्य पर्यटनको उच्च सम्भावनालाई विश्वसामु स्थापित गर्न सबै पक्षको सहकार्य आवश्यक रहेको धारणा व्यक्त गर्दै वेलनेस पर्यटनको केन्द्रका रूपमा विकास गर्न बहस सुरु भएको बताउनु भएको हो।

पोखरा नेपालको पर्यटन राजधानी भएकाले यहाँ पर्यटनको धैरै सम्भावना रहेको सदस्य पोखरेलको दाबी छ। पोखरा तथा यस क्षेत्रको पर्यटन प्रवर्द्धनका लागि निजी क्षेत्र, सरोकारवाला निकाय र सञ्चारकर्मीबाट सुझाव संकलन गरिएको जानकारी उहाँले प्राप्त महत्वपूर्ण सुझावलाई कार्यान्वयनका लागि सम्बन्धित निकायमा विशेष पहल गर्ने प्रतिबद्धता व्यक्त गर्नुभयो।

पोखरेलले नेपाल पर्यटन बोर्डमा अन्तर्राष्ट्रिय बजारमा नेपालको पर्यटन प्रवर्द्धन गर्न आवश्यक समसामयिक प्रचार-प्रसार सामग्रीको अभाव रहेको उल्लेख गर्नुभयो। नयाँ प्रविधिको उपयोग गर्दै भिडियो, अडियो तथा डिजिटल प्रवर्द्धन सामग्री तयार गरी विश्व बजारमा नेपालको पर्यटन प्रभावकारी रूपमा प्रचार गर्न आवश्यक भएको उहाँले जनाउनु भयो। नयाँ पर्यटकीय गन्तव्यको खोजी, ऐतिहासिक तथा पुरातात्त्विक सम्पदाको संरक्षण र प्रवर्द्धनलाई पनि बोर्डले प्राथमिकतामा राखेको सदस्य पोखरेलले जनाउनु भयो।

बोर्डको आगामी बजेटबारे उहाँले चालु आर्थिक वर्षमा नयाँ पूर्वाधार निर्माणका योजनाभन्दा पर्यटन प्रवर्द्धनलाई प्राथमिकता दिइने बताउनु भयो। बहुवर्षीय योजनाअन्तर्गत सञ्चालनमा रहेका तथा एक-दुई वर्षभित्र सम्पन्न हुने आयोजनालाई भने निरन्तरता दिइने र आवश्यक बजेट सुनिश्चित गरिने उनले स्पष्ट पार्नुभयो। "अहिले बोर्डको बजेट पारित भइसकेको छैन। तत्काल बजेट तयार गर्ने प्रक्रियामा छौँ, हाल वोर्डको प्रमुख कार्यकारी अधिकृत (सिईओ) समेत नियुक्त नभएको अबस्था रहेको छ।" नेपाल पर्यटन बोर्डले विगतमा विभिन्न प्रवर्द्धनात्मक भ्रमण (प्रमोशनल टुर) सञ्चालन गरे पनि त्यसलाई प्रभावकारी बनाउन आवश्यक गुणस्तरीय प्रचार सामग्रीको अभाव रहेको सदस्य पोखरेलको भनाई छ। निजी क्षेत्रको प्रतिनिधित्व गर्दै हालै कार्यकारी सदस्यमा नियुक्त हुनु भएका होटल व्यवसायी तथा नाट्टा गण्डकीका पूर्वअध्यक्ष पोखरेलले आफू सरकार र निजी क्षेत्रबीच समन्वयकारी पुलको भूमिका निर्वाह गर्ने बताउनु भयो। पोखराका पत्रकार विजय नेपाल, दिपक परियार, कृष्ण दवाडी, गौरव त्रिपाठी, दीननाथ बराल, पर्यटन विज्ञ दीपेन्द्र पहारी लगायतले पोखराबाट नियमित अन्तराष्ट्रिय हवाई उडानको सुनिश्चित गर्न, पोखरा क्षेत्रको दिगो पर्यटनको लागि छिमेकी मुलुकदेखि विश्व बजारमा आवश्यक प्रचार प्रसार तथा प्रबर्द्धन गर्न, पोखरा क्षेत्रमा हुने विभिन्न मेला महोत्सव देखि खेलकुद प्रतियोगितालाई थप प्रमोशन गर्न समेत सुझाव दिनुभएको थियो। यसैबिच पोखरा प्रबर्द्धन केन्द्रले समेत उहाँलाई बधाई ज्ञापन गर्दै कार्यकालको सफलताको शुभकामना व्यक्त गरेको छ। केन्द्रका अध्यक्ष दीननाथ बरालले सदस्य पोखरेललाई खादा लगाउदै बधाई ज्ञापन सहित शुभकामना व्यक्त गर्नु भएको थियो।

## गण्डकी प्रदेश प्रमुखद्वारा गाँजाखेतीसम्बन्धी विधेयक प्रदेशसभामा फिर्ता

**पोखरापत्र संवाददाता**
पोखरा, ९ साउन

गण्डकी प्रदेश प्रमुख डिल्लीराज भट्टले औषधिजन्य तथा औद्योगिक प्रयोजनका लागि गाँजाखेतीलाई नियमन तथा उपयोग गर्ने सम्बन्धमा बनेको विधेयक प्रदेशसभामा फिर्ता पठाउनुभएको छ।

प्रदेश प्रमुखबाट पुनःविचारका लागि सन्देशसहित शुक्रबार विधेयक प्रदेशसभामा फिर्ता पठाइएको प्रदेश प्रमुखको कार्यालयका प्रवक्ता प्रवीण पौडेलले जानकारी दिनुभयो। गत असार २५ गते प्रदेशसभाबाट पारित भएको उक्त विधेयक प्रमाणीकरणका लागि प्रदेशसभा सचिवालयले असार ३० गते प्रदेश प्रमुखको कार्यालयमा पठाएको थियो।

## तेक्वान्दो खेलाडी वैभवीलाई चीनमा स्वर्णसहित दुई पदक

**रासस**
काठमाडौं, ९ साउन



तेक्वान्दो खेलाडी वैभवी सापकोटाले हाइनान कप अन्तरराष्ट्रिय आमन्त्रण तेक्वान्दो प्रतियोगितामा नेपाललाई स्वर्णसहित दुई पदक दिलाएकी छिन्।

चीनको हाइनान प्रदेशस्थित हाइकाउ सहरको तुनचाङ काउन्टी रङ्गशालामा भएको उक्त प्रतियोगितामा वैभवीले पुम्से विधामा स्वर्ण र क्योरुगी विधामा दोस्रो हुँदै रजत पदक जितेकी हुन्। उक्त प्रतियोगितामा दक्षिण कोरिया, फिलिपिन्स, इन्डोनेसिया, सिङ्गापुर, मलेसिया, बङ्गलादेश, थाइल्यान्ड, भियतनाम, हङकङ, पाकिस्तानलगायत देशका खेलाडीको सहभागिता रहेको थियो। अन्तिम चरणमा थाइल्यान्ड र चीनलाई पराजित गर्दै वैभवीले पुम्से विधामा स्वर्ण जितेकी हुन्। उता क्योरुगी विधाको निकै प्रतिस्पर्धात्मक खेलमा थाइल्यान्डसँग अन्तिम चरणमा पराजित हुँदै वैभवी दोस्रो भइन्।

## डा गोविन्द केसीसँग वार्ता गर्न शिक्षा सचिव धनगढीमा

**रासस**
काठमाडौं, ९ साउन

अनसनरत चिकित्सक डा गोविन्द केसीसँग वार्तामामार्फत सहमतिपूर्ण समाधान खोज्ने उद्देश्यले सरकारको पहल जारी रहेको छ।

सोही क्रममा शिक्षा तथा खेलकुद मन्त्रालयका सचिव चुणामणि पौडेल शनिबार धनगढी पुग्नुभएको छ।

शिक्षा तथा खेलकुदमन्त्री सस्मित पोखरेलले डा केसीसँग वार्ताका लागि सचिव पौडेललाई

बाँकी अन्तिम पृष्ठमा ▶▶

## मानव बेचबिखन विरुद्धमा जुट्ने सामूहिक प्रतिवद्धता

**पोखरापत्र संवाददाता**
पोखरा, ९ साउन




मानव बेचबिखन तथा ओसारपोसार जस्तो जगन्य अपराधका विरुद्धमा सिंङ्गो समाज एक जुट भएर लाग्ने यहाँ आयोजित कार्यक्रमका सहभागिले सामुहिक प्रतिवद्धता जनाएका छन्।

सामुदायिक प्रहरी सेवा समन्वय समिति कास्कीको आयोजना एवम् रातोपैह्रा सामुदायिक वन उपभोक्ता समूह पोखरा १७ को व्यवस्थापनमा आज सम्पन्न मानव बेचबिखन विरुद्धमा सचेतना कार्यक्रमका वक्ताहरुले उक्त कुरामा प्रतिवद्धता जनाएका हुन। कास्कीका प्रमुख जिल्ला अधिकारी कुमानसिं गुरुङले कार्यक्रमको उद्घाटन गर्दै प्रहरी जनताको भरोसाको संस्था भएको बताउनुभयो। सीमिति श्रोत साधन र जनशक्तिका बाबजुद पनि नेपाल प्रहरीले नागरिकको सुरक्षा र शान्ति सुव्यवस्था कायम गर्न निरन्तर खटिरहेको उल्लेख गर्दै उहाँले अपराध नियन्त्रण तथा सुरक्षित समाज निर्माणका लागि जनता र प्रहरीको सहकार्य अपरिहार्य भएको बताउनुभयो।

पोखरा महानगरपालिका वडा नं. १७ का वडाअध्यक्ष राधिका शाही योगीले समाजमा हुने अपराधिक गतिविधिको नियन्त्रणका लागि प्रत्येक नागरिक सचेत हुनेपर्नेमा जोड दिनुभयो। घर भाडामा बस्ने व्यक्तिको विवरण राख्ने, छिमेकीप्रति चासो दिने तथा सभ्य समाज निर्माणमा सहयोग पुग्ने उहाँको विश्वास थियो।

रातोपैह्रा सामुदायिक वन समुहका सल्लाहकार एवृम अग्रज पत्रकार हरि बास्तोलाले पछिल्लो समय यस क्षेत्रमा मानव वेचविखन, लागूपदार्थ ओसारपोसार र सेवन तथा चोरीका घटना बढेको हुँदा प्रहरी सकृयता बढाउनु पर्नेमा जोड दिनुभयो।

कार्यक्रममा प्रहरी नायव उपरिक्षक विरेन्द्र कुमार पासवानले सहभागिलाई प्रशिक्षण दिंदै आपराधिक कृयाकलापलाई निरुत्साहित गर्नका लागि समाज र प्रहरीको सहकार्य आवश्यक रहेको बताउनुभयो। सामुदायिक प्रहरी सेवा समन्वय समिति कास्कीका अध्यक्ष भिम तिमिल्सिनाको अध्यक्षतामा भएको कार्यक्रममा, संस्थापक अध्यक्ष मंगल नेपाली, समितिका उपाध्यक्ष विष्णु सुवेदी, महासचिव घनश्याम तिमिल्सिना, शुभकामना आमा समुहका अध्यक्ष पार्वती खड्का लगायतले सभ्य र सुरक्षित समाज निर्माणमा सवैको निरन्तर प्रयास रहनु पर्नेमा जोड दिनुभएको थियो।

## एमाले र नेकपाबीच तीनबुँदे सहमति

**रासस**
काठमाडौं, ९ साउन



राजनीतिक स्थिरता, सुशासन, समृद्धि र प्रादेशिक विकासको गतिलाई तीव्र पार्न नेपाल कम्युनिष्ट पार्टी (एमाले) र नेपाली कम्युनिष्ट पार्टीबीच तीन बुँदे सहमति भएको छ।

दुई पार्टीबीच प्रदेशसभामा सहकार्य गर्ने र संयुक्त सरकार गठन गर्ने सहमति भएको छ। सहमतिअनुसार संयुक्त सरकारमा कोशी, बागमती र लुम्बिनी प्रदेशको नेतृत्व एमालेले गर्ने तथा कर्णाली र सुदूरपश्चिम प्रदेशको नेतृत्व नेपाली कम्युनिष्ट पार्टीले गर्नेछ। मधेस र गण्डकी प्रदेशमा सरकार गठनका सन्दर्भमा प्रदेशसभामा प्रतिनिधित्व गर्ने अन्य राजनीतिक दलसँग समेत परामर्श गरी सरकारको नेतृत्व र सहभागिताको स्वरूप तय गर्ने सहमति जुटेको संयोजक दाहालका स्वकीय सचिव गोविन्द आचार्यले जानकारी दिनुभयो। सहमतिपत्रमा एमालेका अध्यक्ष केपी शर्मा ओली र नेकपाका संयोजक पुष्पकमल दाहाल 'प्रचण्ड' ले हस्ताक्षर गर्नुभएको छ।


## अनलाइन ठगीमा भारतीय नागरिक पक्राउ

**पोखरापत्र संवाददाता**
पोखरा, ९ साउन

जिल्ला प्रहरी कार्यालय, कास्कीले अनलाइन ठगीमा संलग्न रहेको आरोपमा एक भारतीय नागरिकसहित दुई जनालाई पक्राउ गरेको छ।

अनलाइन माध्यमबाट विदेश भ्रमण र रोजगारीको प्रलोभन देखाएर सर्वसाधारणबाट रकम असुल्ने सप्तरीको कञ्चनपुर नगरपालिका-१२ का २६ वर्षीय विवेक रेग्मी र भारतको कर्नाटक राज्यका ३० वर्षीय मोहम्मद याशिरलाई शुक्रबार नियन्त्रणमा लिइएको हो। पोखरा

बाँकी अन्तिम पृष्ठमा ▶▶

# राष्ट्रिय उपभोक्ता मञ्च नेपाल गण्डकीद्वारा सरोकारवालाबीच अन्तरसंवाद

**पोखरापत्र संवाददाता**
पोखरा, ९ साउन



कास्कीका प्रमुख जिल्ला अधिकारी कुमानसिंह गुरुङले व्यापारिक स्वच्छता र अनुशासन कायम गरी उपभोक्ताको हित संरक्षण गर्नु राज्यको दायित्व भएको बताएका छन् ।

राष्ट्रिय उपभोक्ता मञ्च नेपाल, गण्डकी प्रदेशद्वारा शुक्रबार आयोजित अन्तरसंवादमा प्रजिअ गुरुङले सो कुरा बताएका हुन् ।

उनले अर्थतन्त्रमा निजी क्षेत्रको भूमिकालाई महत्व दिँदै उपलब्ध साधन र स्रोतको अधिकतम परिचालन गरी आर्थिक समृद्धि हासिल गर्ने राज्यको नीति रहेको जनाए ।

कास्कीमा तीनै तहबाट बजार अनुगमनलाई तीव्र पार्न सक्यौं भने गुणस्तरीय वस्तु तथा सेवा प्राप्त गर्ने उपभोक्ताको संवैधानिक अधिकारको संरक्षण तथा सम्बर्धन गर्न सकिने उनले बताए। सहायक प्रजिअ चित्राङ्गत बरालले व्यापारीको लापरबाहीका कारण उपभोक्ता पीडित भइरहेको बताए । पसलमा म्याद नाघेका खाद्यबस्तु हटाउन आनाकानी हुने गरेको पाइएको उनको भनाइ छ । सो अवसरमा अन्य वक्ताले कालाबजारी, एकाधिकार कृत्रिम अभाव सिर्जना गर्ने जस्ता कार्यको अन्त्य गर्दै राष्ट्रिय अर्थतन्त्रलाई प्रतिस्पर्धी बनाइने विषयमा जोड दिए । गण्डकी प्रदेश उद्योग तथा पर्यटन कार्यालयका उपसचिव महराज ढकालले प्रदेशले वाणिज्य नीति बनाउन लागेको र त्यसपछि उपभोक्ताका अधिकार स्थापित हुने विश्वास लिए । उपभोक्ता संरक्षण ऐन, २०७५ तथा उपभोक्ता संरक्षण नियमावली, २०७६ जारी भए पनि तीनै तहको सरकारको समन्वयमा बजार अनुगमन गरे मात्र प्रभावकारी बन्ने उनको सुझाव थियो । खाद्य प्रविधि तथा गुण नियन्त्रण कार्यालय, पोखराका प्रमुख विजन श्रेष्ठले पछिल्ला समय गुणस्तरहीन खाद्यबस्तुलगायत अन्य विकृतिबारे कार्यालयमा उजुरीको संख्या बढ्दै गएको बताउँदै यसले उपभोक्ता सचेत रहेको पाइएको जनाए ।

राष्ट्रिय उपभोक्ता मञ्च गण्डकी प्रदेश अध्यक्ष कपिलनाथ कोइरालाको संघ, प्रदेश र स्थानीय तह गरी तीन वटै तहलाई बजार अनुगमन गर्ने अधिकार दिइएकोमा अनुगमन भने तीनै तहले एकै ठाउँमा गर्ने गरेको टिप्पणी गरे । 'स्थानीय तहले पनि त्यही अनुगमन गऱ्या छ, प्रदेश र संघले पनि त्यही अनुगमन गऱ्या छ,' उनले भने, 'गर्नुपर्ने ठाउँमा अनुगमन नभएको, तर एकै ठाउँमा तिनै तह दोहोऱ्याएर पनि पुग्ने गरेको पाइएको छ । तसर्थ आपसी समन्वय गरेर अनुगमनमा जान आग्रह गर्दै सबै तह र सरोकारवालालाई एकै ठाउँमा राखेर संवाद गरिएको हो ।' आगामी दिनमा परिणाममूलक र उपलब्धिमूलक बजार अनुगमन हुनेमा उनले विश्वास व्यक्त गरे ।

प्रदेश र स्थानीय तहलाई समेत उपभोक्ता हित संरक्षण र बजार अनुगमनको जिम्मेवारी दिइएको छ ।

जिल्ला तहमा जिल्ला प्रशासन कार्यालय र उद्योग, वाणिज्य तथा उपभोक्ता संरक्षणकार्यालयहरूलाईउपभोक्ता संरक्षणमा जिम्मेवार बनाइएको छ । मञ्च अध्यक्ष कोइरालाको अध्यक्षतामा भएको कार्यक्रममा पोखरा महानगर अधिकृत कल्पना बराल, पशु सेवा कार्यालयका नि. प्रमुख सहदेव पौडेल, कुमार भण्डारी, उपभोक्ता मञ्च गण्डकीका उपाध्यक्ष अधिवक्ता राजुराज अधिकारी, सचिव अधिवक्ता गीता आचार्य, कोषाध्यक्ष अधिवक्ता मीना रानाभाटलगायत बोलेका थिए ।

सो अवसरमा तीनवटै तहको प्रतिनिधित्व हुने गरी विभिन्न संघसंस्थाबाट प्रतिनिधिको उल्लेख्य सहभागिता थियो ।

# विन्ध्यवासिनीमा अभिभावक शिक्षा कार्यक्रम

**पोखरापत्र संवाददाता**
पोखरा, ९ साउन



पोखराको बाटुलेचौरमा रहेको विन्ध्यवासिनी माविमा अभिभावक शिक्षा कार्यक्रम सम्पन्न भएको छ ।

विद्यालयमा आधारभुत तहमा अध्ययन गर्ने बालबालिकाका अभिभावकलाई लक्षित गरी आयोजना गरिएको कार्यक्रममा बालबालिकाको सिकाई र त्यसमा अभिभावकले निर्वाह गर्नुपर्ने भुमिकाको विषयमा प्रशिक्षण दिईएको आधारभुत तहका इन्चार्ज गोविन्द शर्मा पौडेलले जानकारी दिए ।

कार्यक्रममा इनोभेसन ईन एजुकेशनका महाप्रवन्धक एवं प्रशिक्षक पिताम्बर न्यौपानेले शिशु कक्षाबाट नै बालबालिकाको अध्ययनस्तर विकास गर्नुपर्नेमा जोड दिए । उनले अर्थपुर्ण रुपमा पठन सीपको विकास गर्नु नै कार्यक्रमको मुख्य लक्ष्य रहेको बताए । अर्का प्रशिक्षक विजय तामाङले बालबालिकाको मनोविज्ञान बुझेर गरिने शैक्षिक क्रियाकलापले मात्रै उपलब्धि हासिल हुने बताए ।उनले विद्यालयमा मात्र नभई घरमा पनि असल शैक्षिक अभ्यास हुनुपर्नेमा जोड दिए । सोही विद्यालयका शिक्षक संगीता शर्माले विद्यालयमा गरिने असल अभ्यास मात्र नभई अभिभावकको असल व्यवहारले पनि विद्यार्थीको शिक्षामा सुधार ल्याउन सकिने बताईन् । कार्यक्रममा विद्यालयका सहायक प्रधानाध्यापक शिवप्रसाद सापकोटाले विद्यालयले गरेका साना बालबालिका केन्द्रित असल अभ्यासको बारेमा जानकारी दिएका थिए । उनले बालबालिकामा सानै देखि सिर्जनात्मक क्षमताका लागि अभिभावकको दायित्व पनि प्रमुख हुने बताए । सहभागी अभिभावकले बालबालिकाको ईच्छा र चाहानालाई बुझ्न प्रशिक्षणले सघाउ पुर्याएको बताए । शिक्षक अभिभावक संघका अध्यक्ष भीम प्रसाद पौडेलको अध्यक्षतामा भएको कार्यक्रममा संघका सदस्य मुनहरी आचार्य,सृष्टि पुन, आधारभुत तहका इन्चार्ज गोविन्द शर्मा पौडेललगायतले पढाईको स्तर र पठनसीपका बारेमा चर्चा गरेका थिए। विद्यालयमा कक्षा २ देखि ४ सम्म अध्ययनरत विद्यार्थीका करिब ३ सय जना अभिभावक सहभागी कार्यक्रमको संचालन शिक्षक विष्णुमाया गौतमले गरेकी थिईन् ।

# 'मिस कास्की नेपाल सिजन-२' ट्यालेन्ट राउन्ड सम्पन्न

**पोखरापत्र संवाददाता**
पोखरा, ९ साउन




हेवनली इभेन्ट म्यानेजमेन्टद्वारा आयोजित तथा मिराकल पोखरा डेन्टल हस्पिटलद्वारा प्रायोजित 'मिस कास्की नेपाल सिजन टू' को ट्यालेन्ट राउन्ड उत्साहपूर्ण रूपमा सम्पन्न भएको छ ।

कार्यक्रममा नौ जना प्रतिस्पर्धी नानीहरूले आफ्नो विविध प्रतिभा प्रस्तुत गर्दै उपस्थित दर्शक तथा निर्णायकहरूको मन जितेका थिए। विशेष आकर्षणका रूपमा पेन्सन पट्टा टोलीबाट मौत्से गुरुङको टोलीको उपस्थिति रहेको थियो। उक्त अवसरमा मौत्से गुरुङले 'पेन्सन पट्टा' चलचित्र सबैले हेरेर साथ दिन आग्रह गर्दै प्रतियोगी नानीहरूलाई शुभकामना व्यक्त गर्नुभयो। साथै उहाँले पोखरामा यस्ता सिर्जनात्मक र सांस्कृतिक कार्यक्रमहरू निरन्तर आयोजना भइरहोस् भन्ने अपेक्षा राख्दै हेवनली इभेन्ट म्यानेजमेन्टलाई समेत शुभकामना दिनुभयो ।

यसैबीच, हेवनली इभेन्ट म्यानेजमेन्टका सञ्चालक सफल सुवेदीले 'मिस कास्की नेपाल' प्रतियोगिता नेपाली कला, संस्कृति, भेषभूषा तथा प्रतिभाको संरक्षण र प्रवर्द्धन गर्ने महत्वपूर्ण प्लेटफर्म भएको बताउनुभयो। उहाँले युवतीहरूको आत्मविश्वास अभिवृद्धि, व्यक्तित्व विकास तथा क्षमता उजागर गर्ने उद्देश्यले कार्यक्रम आयोजना गरिएको जानकारी दिनुभयो । निर्णायक मण्डलमा फेवा टेलिभिजनकी प्रशासकीय प्रमुख रोजी श्रेष्ठ, डान्स डाइरेक्टर तथा पोखरा कला केन्द्रकी सञ्चालिका राखी थापा र 'मिस कास्की नेपाल सिजन वान' की सेकेन्ड रनरअप स्मृति गुरुङ रहनुभएको थियो । यसैगरी, हेवनली इभेन्ट म्यानेजमेन्टकी संयोजक समीक्षा सुवेदीले आगामी साउन १६ गते आयोजना हुन गइरहेको ग्र्यान्ड फिनालेमा सबैलाई उपस्थित भई प्रतियोगी नानीहरूलाई हौसला प्रदान गर्न हार्दिक निमन्त्रणा दिनुभयो ।

कार्यक्रम समग्रमा सफल र उत्साहजनक रूपमा सम्पन्न भएको छ भने कार्यक्रमको सञ्चालन सपना गायकाले आकर्षक ढंगले गर्नुभएको थियो। अब सबैको ध्यान आगामी ग्र्यान्ड फिनालेतर्फ केन्द्रित भएको छ ।

# लेखनाथ डोजोका ७० कराँते खेलाडीलाई बेल्ट वितरण

**पोखरापत्र संवाददाता**
पोखरा, ९ साउन



क्योकुशिन कान कराँते लेखनाथ डोजोका ७० खेलाडीलाई बेल्ट वितरण कार्यक्रम भण्डारढिक रङ्गशालामा सम्पन्न भएको छ ।

बेल्ट वितरण कार्यक्रम अन्तर्गत एलो बेल्ट प्राप्त गर्ने २८ जना, ओरेन्ज बेल्ट प्राप्त गर्ने १२ जना, ग्रीन बेल्ट प्राप्त गर्ने १२ जना, ब्राउन बेल्ट प्राप्त गर्ने १० र ब्लु बेल्ट ८ जना गरी ७० खेलाडीलाई बेल्ट वितरण गरिएको हो । खेलाडीहरुलाई बेल्ट वितरण गर्दै सफल उद्योगी कर्माचार्य ग्रुपका सञ्चालक लेखनाथ उद्योग वाणिज्य संघका प्रथम उपाध्यक्ष समेत रहेका विक्रम कर्माचार्यले असल चरित्र निर्माणमा खेलले महत्वपूर्ण भूमिका खेल्ने वताए ।

पोखरा महानगरपालिका खेलकुद विकास समितिका अध्यक्ष दिपकबहादुर गोदार, क्योकुशिन कान कराँते कास्कीका जिल्ला अध्यक्ष ब्रान्च चिफ लक्ष्मण कुँवर, लेखनाथ पत्रकार मञ्चका अध्यक्ष विष्णुहरि पौडेल, क्योकुशिन कान कराँते लेखनाथ डोजोका सल्लाहकार टुका पुन, भण्डारढिक टोल विकास अध्यक्ष अरुण गुरुङ, अभिभावक दिनेश शर्मा लगायतले बेल्ट वितरण गरेका थिए ।

क्योकुशिन कान कराँते लेखनाथ डोजोका प्रमुख शुवास खड्काको अध्यक्षतामा कार्यक्रम सम्पन्न भएको थियो ।


# इलेक्ट्रोनिक पसल बिक्रीमा

मियाँ पाटन तीनतिर चोकमा रहेको इलेक्ट्रोनिक पसल विषेश कारणबस बिक्रीमा छ ।

**सम्पर्क: ९७६५६२४८६५**

नोट: दुई सटरको १५००० भाडा रहेको छ ।


# कालीगण्डकी तटमा एक सय आठ तुलसी रोपण

**पोखरापत्र संवाददाता**
पोखरा, ९ साउन



धार्मिक महत्व बोकेको कालीगण्डकी नदी तटको निरयघाटमा हरिशयनी एकादशीका अवसरमा शनिबार बागलुङ नगरपालिका-४ स्थित निरयघाटलाई मानवसेवा धाम बनाउने उद्देश्यसहित १०८ तुलसी रोपण गरिएको छ ।

जिल्ला समन्वय समितिका प्रमुख अम्मरबहादुर थापा, बागलुङ नगरपालिकाका प्रमुख वसन्तकुमार श्रेष्ठ, मानवसेवा आश्रमका केन्द्रीय अध्यक्ष रामजी अधिकारीलगायतको उपस्थितिमा तुलसी रोपण गरिएको हो । भक्तजन र शुभेच्छुकहरूबाट प्रतिमठ रु १० हजार ५०० सहयोग लिई तुलसी रोपण गरिएको मानवसेवा धाम विकास समितिका सचिव युक्तप्रसाद सुवेदीले बताउनुभयो । ऐतिहासिकस्थल निरयघाटलाई मानवसेवा धामका रूपमा विकास गर्न गुरूयोजना बनाएर काम सुरू गरिएको मानवसेवा आश्रमका अध्यक्ष अधिकारीले बताउनुभयो ।

बागलुङ नगरपालिका प्रमुख श्रेष्ठले निरयघाटलाई धार्मिक पर्यटनको केन्द्रका रूपमा विकास गर्न नगरपालिकाले मानवसेवा आश्रमसँगको सहकार्यमा योजनाबद्ध रूपमा पर्यटन प्रवर्द्धनका काम अगाडि बढाएको बताउनुभयो। सोहीस्थानमा अहिले मानवसेवा आश्रमको भवन पनि निर्माणाधीन अवस्थामा रहेको छ। केही दशकअघिसम्म निरयघाटमा हरिबोधनी एकादशी पर्वमा ठूलो मेला लाग्ने गरेकामा अहिले उक्त मेला लोप भइसकेको छ । नगरपालिकासहित सरोकार भएका निकायको साझा प्रयासमा सो ठाउँको महिमालाई पुनःजागृत गर्न पहल अगाडि बढेको हो ।

निरयघाटमा लक्ष्मीनारायण, जङ्गेश्वर महादेव मन्दिर, विभिन्न आश्रमलगायत धार्मिक महत्वका स्थल छन् । हरिशयनी एकादशीमा तुलसी रोपण तय गरिएपछि निरयघाटमा बिहानैदेखि भक्तालुहरूको चहलपहल बढेको थियो । कालीगण्डकी स्नानका लागि पनि भक्तजन यहाँ जाने परम्परा छ । भजनकीर्तनसहिस उल्लासमय वातावरणमा एकसाथ आठ सय मठमा तुलसी रोपण गरिएको थियो । हिन्दूधर्मअनुसार तुलसीलाई भगवान् विष्णुको प्रियस्वरूप तथा पवित्रताको प्रतीक मानिन्छ । घर आँगनदेखि मन्दिरसम्म तुलसी रोप्ने परम्पराले आध्यात्मिक शान्ति, धार्मिक आस्था र वातावरण संरक्षणको सन्देश दिने गरेको छ । हरिशयनी एकादशीदेखि चातुर्मास प्रारम्भ हुने भएकाले यस अवधिमा तुलसी रोपण, पूजाआराधना र संरक्षण गरेमा पुण्य प्राप्त हुने धार्मिक विश्वास रहिआएको छ ।

## डा गोविन्द ...

धनगढी पठाएको जानकारी दिनुभयो । सचिव पौडेलले डा केसीसँग प्रत्यक्ष संवादगरी उहाँले उठाएका मागबारे छलफल गर्नुहुनेछ ।

यसअघि शिक्षामन्त्री पोखरेलले शुक्रबार साँझ डा केसीसँग टेलिफोनमार्फत प्रारम्भिक संवाद गर्नुभएको थियो। त्यसैको निरन्तरता स्वरूप सचिव पौडेललाई धनगढी पठाइएको जनाइएको छ। सरकारले संवाद र सहमतिका माध्यमबाट डा केसीले उठाएका विषयको यथाशीघ्र सम्मानजनक तथा सहमतिपूर्ण समाधान खोज्न प्रतिबद्ध रहेको जनाएको थियो ।

## अनलाइन ...

महानगरपालिका-५, प्रस्याङस्थित भाडाको घरमा सञ्चालित कार्यालयबाट एसिया तथा युरोपका विभिन्न देश घुमाउन लैजाने भन्दै अनलाइनमार्फत विभिन्न व्यक्तिलाई सम्पर्क गरी ठगी भइरहेको सूचनाका आधारमा उनीहरूलाई पक्राउ गरी कानुनी कारबाहीको दायरामा ल्याइएको जिल्ला प्रहरी कार्यालयका प्रहरी नायब उपरीक्षक वीरेन्द्रकुमार पासवानले जानकारी दिनुभयो ।

प्रारम्भिक अनुसन्धानका क्रममा उनीहरूले 'ओएसिस टुरिजम इन्टरनेसनल' नामक संस्था स्थापना गरी विदेश भ्रमण, उपहारलगायत आकर्षक योजना देखाई कुपन भराएर रकम असुल्ने गरेको खुलेको प्रहरीले जनाएको छ । हालसम्म ३० जनाबाट करिब नौ लाख ६६ हजार रूपैयाँ ठगेको र १५ जना बेरोजगार युवायुवतीलाई रोजगारीको प्रलोभन देखाएर उक्त कार्यमा संलग्न गराएको पाइएको प्रहरीको भनाइ छ। प्रहरीले उनीहरूको साथबाट दुई थान कम्प्युटर, आठ थान विभिन्न रजिस्ट्र तथा अभिलेख पुस्तिका, छ थान रसिद, चार थान स्ट्याम्प तथा विभिन्न व्यक्तिका नाममा काटिएका रसिदका अर्धकट्टी बरामद गरेको छ।


"आयुर्वेदोऽमृतानाम:"

पोखराको पुरानो र विश्वासिलो आयुर्वेद अस्पताल

**माता मनकामना आयुर्वेद क्लिनिक प्रा.लि**

पोखरा-९, नयाँबजार(न्यू विवेक पेट्रोल पम्पको माथि)
०६१-५८९१९४, ९८४४३११९०६, ९८१३६७७७०६

छाला तथा यौन रोगहरुका लागि
महिलाहरुमा : निसन्तानपन, सेतोपानी बग्ने, योनी चिल्लाउने,महिनावारीमा गडबडी आदी
पुरुषहरुमा : शिघ्रपतन, यौन सन्तुष्टि नहुने, यौन चहाना नहुने, स्वप्नदोष, सरुवा यौन रोग, लिंग उत्तेजना नहुने आदी



डा. बिनोद मिश्रा
प्रत्येक महिनाको १२ गते

पायल्स, फिसर, फिस्टुला तथा मलद्वार सम्बन्धी रोगहरुको सफल उपचारको लागि



डा. राजिव घिमिरे
प्रत्येक महिनाको पहिलो शनिबार

जस्तोसुकै (पुरानो/नयाँ) रोगहरुको विशेष आयुर्वेद उपचारको लागि



डा. सुरेश पुर्वे
महिनाको प्रत्येक दिन

उपचार गर्ने रोगहरु :-

१. पायल्स, फिसर, फिस्टुला
२. स्त्री तथा प्रसुति रोग
३. धातु तथा यौन रोग
४. श्वास प्रश्वास सम्बन्धी रोग
५. मृगौलाको पत्थरी
६. अनुहारको कालोपोतो र डण्डीफोर
७. उच्च रक्तचाप
८. सुगर(मधुमेह)
९. नशा तथा हाडजोर्नी रोग
१०. पिनास तथा एलर्जी


फेवा प्रकाशन प्रा.लि.द्वारा प्रकाशित पोखरापत्र राष्ट्रिय दैनिकका लागि प्रधान सम्पादक : पुण्य पौडेल, सम्पादक: रतन गुरुङ, कार्यकारी सम्पादक : शोभाकान्त सिग्देल, प्रबन्ध सम्पादक: नारायण भण्डारी
कार्यालय: नयाँबजार, पोखरा, फोन: ०६१-५८२५०८, ०६१-५७०६५१, ०६१-५३७८५७ E–mail: pokharapatradaily@gmail.com, pokharapatra@yahoo.com, Website : www.pokharapatra.com.np मुद्रण: हिमालय अफ्सेट प्रेस, नयाँबजार, पोखरा।

**सुक्तिसुधा**

जुनसुकै समाजमा पनि अनैतिकता र अन्यायले निराशलाई जन्माउँछ । - विदुरनीति

## सम्पादकीय

# प्रदेशमा बाम सहकार्य

बालेन्द्र शाह नेतृत्वको राष्ट्रिय स्वतन्त्र पार्टीको सरकारका कारण दुई कम्युनिष्ट पार्टीलाई एक ठाउँमा ल्याउने वातावरण बनाइ दिएको छ। केन्द्रीय सत्ताबाट पर पुगेका नेकपा (एमाले) र नेपाली कम्युनिष्ट पार्टी (नेकपा) बीच सातै प्रदेशमा सहकार्य गर्दै संयुक्त सरकार गठन गर्ने विषयमा तीन बुँदे सहमति भएको छ । शनिबार भएको सहमति अनुसार दुवै दलले प्रदेश सभामा देखिएका बजेट निर्माणसम्बन्धी असमझदारी, बजेट विहीनताको अवस्था तथा राजनीतिक प्रतिस्पर्धाबाट सिर्जित समस्याको समाधान गर्दै राजनीतिक स्थिरता, सुशासन, समृद्धि र प्रादेशिक विकासलाई तीव्रता दिने उद्देश्यले सहकार्य गर्ने निर्णय गरेका छन। सहमति अनुसार कोशी प्रदेश, बागमती प्रदेश र लुम्बिनी प्रदेशको नेतृत्व एमालेले गर्ने भएको छ भने कर्णाली प्रदेश र सुदूरपश्चिम प्रदेशको नेतृत्व नेकपाले गर्ने सहमतिमा उल्लेख छ । यी प्रदेशमा बाम गठबन्धन वन्न सक्छ ।

यस्तै, मधेश प्रदेश र गण्डकी प्रदेशमा सरकार गठनका विषयमा प्रदेश सभामा प्रतिनिधित्व गर्ने अन्य राजनीतिक दलसँग समेत परामर्श गरी सरकारको नेतृत्व र सहभागिताको स्वरूप तय गर्ने सहमति भएको छ । सहमतिपत्रमा नेकपा एमाले अध्यक्ष केपी शर्मा ओली र नेकपाका संयोजक पुष्पकमल दाहाल 'प्रचण्ड' ले हस्ताक्षर गरेका छन् । दुई पार्टीबीचको एकता नभई कार्यगत एकता तथा आगामी निर्वाचनमा तालमेल गर्नेसम्मको विषय मात्रै केन्द्रित रहेको छ । 'यो सहमति हुँदै पार्टी एकता नै गरिहाल्ने भन्ने छैन । कार्यगत एकता र निर्वाचनमा तालमेल हुने कुरा मात्रै हो ।

एमाले र नेकपाले पाँच प्रदेशको नेतृत्व बाँडफाँट गरे पनि कोशी, कर्णाली र सुदूरपश्चिममा मात्र दुई दलको सहज बहुमत छ । अन्य प्रदेशमा अन्य दलको साथबिना उनीहरूले सरकार बनाउन सक्ने अंकगणित छैन । एमाले र नेकपाका लागि सबैभन्दा सहज अवस्था कोशी प्रदेशमा छ । ९३ सदस्यीय कोशी प्रदेशसभामा हाल ९२ जना छन् । सरकार गठनका लागि ४७ मत आवश्यक पर्छ । एमालेका ४० र नेकपाका १७ सांसद रहेकाले सहजै बहुमत पुग्छ । यस्तै, ५३ सदस्यीय सुदूरपश्चिम प्रदेशसभामा हाल ५२ जना छन् । सरकार निर्माणका लागि २७ सांसद चाहिन्छ । त्यहाँ नेकपाका २२ र एमालेका ११ सांसद छन् । त्यसैले दुई दलका लागि सरकार बनाउन सहज स्थिति छ ।

कर्णालीमा एमाले र नेकपा मिल्दा सरकार सहजै बन्छ तर त्यहाँ पछिल्लो समीकरण अलि फरक छ । केन्द्रमा एमाले र नेकपाबीच अनौपचारिक सहमति भइराख्दा त्यहाँ कांग्रेस र नेकपाबीच सहकार्य छ । दुवै दलका सांसद मिलेर एमालेका मुख्यमन्त्री यामलाल कँडेलविरुद्ध अविश्वास प्रस्ताव दर्ता गराएका थिए । कँडेलले शनिबार पदबाट राजीनामा दिएका छन् । ४० सदस्यीय कर्णाली प्रदेशसभामा एमालेका १० र नेकपाका १४ जना छन् । दुई दलका लागि सबैभन्दा कठिन अवस्था गण्डकीमा छ । गण्डकीमा एक पद रिक्त हुँदा अहिले ५९ पद कायम छ । एमालेको २२ र नेकपाको ७ सिट (सभामुखसहित) छ । सभामुखले सामान्य अवस्थामा मतदान नगर्ने भएकाले व्यवहारतः सरकार गठनका लागि उनीहरूको संख्या २८ मात्रै रहन्छ । सरकार बनाउन ३० जना चाहिन्छ । त्यहाँ कांग्रेस एक्लैको संख्या २७ छ । गण्डकी प्रदेशसभामा राप्रपाका दुई सांसद छन् । त्यही संख्या नै सरकार निर्माणका लागि निर्णायक बनेको छ । अर्को एक सांसद बाबुराम भट्टराई नेतृत्वको नेपाल समाजवादीबाट निर्वाचित भएका हुन् । उक्त पार्टीबाट निर्वाचित फणिन्द्र देवकोटा पार्टीको निर्देशनविपरीत यसअघि नै कांग्रेस सरकारमा सहभागी भइसकेका छन् । लुम्बिनी र बागमतीमा पनि अन्य दलको सहमति आवश्यक हुन्छ। काङ्ग्रेस नेतृत्वका मधेस र गण्डकीमा अप्ठ्यारोलाई महसुस गरेर कांग्रेस पनि सरकारमा रहने अवस्थालाई नजरअन्दाज गर्न मिल्दैन ।

# अवरुद्ध कालीगण्डकी करिडोर सञ्चालन

**पोखरापत्र संवाददाता**
बागलुङ, ९ साउन

पहिराका कारण अवरूद्ध बनेको कालीगण्डकी करिडोरको बागलुङ खण्डमा आठ दिनपछि यातायात सेवा सञ्चालन भएको छ ।

बागलुङका जैमिनी नगरपालिका-८ छिस्तीको चौरीखोला पुल नजिकै सडक माथिबाट खसेको पहिराका कारण यही साउन १ गतेदेखि करिडोर अवरूद्ध भएको थियो ।

दुई वटा लोडर र एउटा स्काभेटर प्रयोग गरेर पहिरो पन्छाएपछि शुक्रबारदेखि सडक एकतर्फी रूपमा सञ्चालनमा आएको सडक डिभिजन कार्यालय, बागलुङका प्रमुख हरि सुवेदीले जानकारी दिनुभयो ।

# कृषि विश्वविद्यालयले १० जना विदेशी विद्यार्थी भर्ना लिने

**रासस**
चितवन, ९ साउन

यहाँको कृषि तथा वन विज्ञान विश्वविद्यालयले पहिलोपटक विदेशी विद्यार्थी भर्ना लिने भएको छ । पहिलो वर्ष चार वटा कार्यक्रममा १० जना विद्यार्थी भर्ना गर्न लागेको हो ।

विश्वविद्यालयका उपकुलपति प्रा डा ऋषिराम कट्टेलका अनुसार विश्वविद्यालयले स्नातक तहको कृषि सङ्कायमा तीन, वन विज्ञानमा तीन, पशु चिकित्सामा तीन र मत्स्य विज्ञानमा एक जना विदेशी विद्यार्थी भर्ना गर्न लागेको हो । "ती विद्यार्थी भर्नाका लागि कार्यविधि बनाइँदै छ । पशु चिकित्सकाका विदेशी विद्यार्थीसँग १० हजार अमेरिकी डलर शुल्क लिने निर्णय गरिएको छ भने अन्य सङ्कायकासँग चार हजार डलर लिइँदै छ", उहाँले भन्नुभयो । विश्वविद्यालयले अहिले खोल्न लागेको प्रवेश परीक्षामा भने विदेशी विद्यार्थी सहभागी हुनु नपर्ने जनाएको छ । भर्नाका लागि कस्ता विदेशी विद्यार्थी योग्य हुने भन्ने विषय कार्यविधिमा समावेश हुने उपकुलपति कट्टेलले बताउनुभयो । यसअघि मुलुकमा अन्य विश्वविद्यालयले विदेशी विद्यार्थी भर्ना लिए पनि कृषि विश्वविद्यालयले पहिलोपटक भर्ना लिन लागेको हो । विश्वविद्यालयका योजना निर्देशक रामहरि तिमिल्सिनाले कुनै पनि विश्व विद्यालयलाई अन्तरराष्ट्रियस्तरको स्तरनिर्धारणका लागि तोकिने विभिन्न मापदण्डमध्ये विदेशी विद्यार्थी अध्यापन गराउने पनि एक मापदण्ड भएकाले विदेशी विद्यार्थी भर्ना गर्न लागिएको बताउनुभयो । नेपालमा कृषि तथा वन विज्ञान विश्वविद्यालयले छोटो अवधिका अनुसन्धानका कार्यक्रम एवं विदेशी विद्यार्थीका लागि यहाँ कक्षा सञ्चालन गर्दै आए पनि उपाधि प्राप्त गर्ने गरी विद्यार्थी भर्ना गरी अध्ययन, अनुसन्धानको कार्यक्रम सञ्चालन गरेको थिएन । विश्वविद्यालयले स्नातक, स्नातकोत्तर, विद्यावारिधिको पठनपाठन गर्दै आएको छ ।

# छिन्नलता पुरस्कारबाट वरिष्ठ गायक श्रेष्ठसहित पाँच स्रष्टा पुरस्कृत

**रासस**
काठमाडौं, ९ साउन

वरिष्ठ गीतकार रमोलादेवी शाह 'छिन्नलता'को सम्मानमा स्थापना गरिएको 'छिन्नलता गीत पुरस्कार' वरिष्ठ गायक मदनकृष्ण श्रेष्ठसहित पाँच स्रष्टालाई प्रदान गरिएको छ ।

छिन्नलता गीत पुरस्कार गुठीद्वारा आज आयोजित '४४औँ छिन्नलता गीत पुरस्कार' समर्पण समारोहमा सभामुख डोलप्रसाद अर्यालले सो पुरस्कार प्रदान गर्नुभयो । कार्यक्रममा २०८२ सालको 'छिन्नलता गीत विशेष सम्मान' वरिष्ठ गायक श्रेष्ठलाई प्रदान गरियो । सो पुरस्कारको राशि रु एक लाख रहेको छ । यसैगरी, गीत रचनातर्फ वरिष्ठ गीतकार डा नवराज लम्साल, सङ्गीत सिर्जनातर्फ सङ्गीतकार किरण कँडेल, गायनतर्फ गायिका विमला राईलाई जनही रु एक लाख राशिको 'छिन्नलता गीत पुरस्कार' प्रदान गरियो ।

गायिका सारिका घिमिरेलाई 'छिन्नलता गीत युवा प्रतिभा पुरस्कार' प्रदान गरियो । सो पुरस्कारको राशि रु ५० हजार रहेको छ । पुरस्कृत व्यक्तित्व डा लम्सालले गीत सभ्यता र गीतकार त्यही सभ्यताको बीज भएको उल्लेख गर्दै सुप्त अवस्थामा रहेका आफ्ना गीतलाई सङ्गीत र स्वरले ब्यूँझाइदिएर अहिलेको अवस्थामा पुऱ्याइदिने सङ्गीतकार तथा गायक/गायिकाप्रति आभार प्रकट गर्नुभयो ।

गुठीका सचिव एवं साहित्यका दिनेश अधिकारीले नेपाली गीतसङ्गीतको क्षेत्रमा विशिष्ट योगदान पुऱ्याउनुभएका गीतकार, सङ्गीतकार र गायक/गायिकालाई २०३९ सालदेखि गुठीले सम्मान गर्दै आइरहेको जानकारी दिनुभयो ।

# लायन्स क्लब अफ लेखनाथको सदस्यता प्रवेश तथा पदस्थापना

**पोखरापत्र संवाददाता**
पोखरा, ९ साउन




लायन्स क्लब अफ लेखनाथले आफ्नो २८औँ सदस्यता प्रवेश तथा पदस्थापना समारोह भव्य रूपमा सम्पन्न गरेको छ ।

कार्यक्रममा नयाँ सदस्यहरूको स्वागत गर्नुका साथै वर्ष २०२६/०२७ का लागि निर्वाचित पदाधिकारी तथा कार्यसमितिलाई औपचारिक रूपमा पदस्थापनासमेत गरिएको थियो । कार्यक्रममा वर्ष २०२५/०२६ का अध्यक्ष लायन्स बोधराज लामिछानेले आफ्नो कार्यकालमा सम्पन्न भएका विभिन्न सामाजिक, शैक्षिक, स्वास्थ्य तथा मानवीय सेवासम्बन्धी गतिविधिहरू समेटिएको वार्षिक प्रगति प्रतिवेदन प्रस्तुत गरे । प्रतिवेदन प्रस्तुतिपछि उनले नवनिर्वाचित अध्यक्ष डम्वरु बल्लभ चापागाईंलाई अध्यक्षीय पद, जिम्मेवारी तथा क्लबको नेतृत्व औपचारिक रूपमा हस्तान्तरण गरेका थिए ।

समारोहका प्रमुख अतिथि तथा लायन्स इन्टरनेशनलका इन्टरनेशनल डाइरेक्टर लायन्स राजन लम्सालले नवनिर्वाचित नेतृत्वलाई सफल कार्यकालको शुभकामना व्यक्त गर्दै लायन्स अभियानले विश्वव्यापी रूपमा प्राप्त गरेको विश्वास र प्रतिष्ठालाई अझ सुदृढ बनाउन सेवामूलक कार्यलाई निरन्तरता दिनुपर्नेमा जोड दिए । उनले लायन्स क्लब अफ लेखनाथ पुरानो, सक्रिय तथा प्रतिष्ठित क्लब भएकाले समाजमा अझ प्रभावकारी सेवा विस्तार गर्न सक्ने पर्याप्त सम्भावना रहेको उल्लेख गरे । नवनिर्वाचित अध्यक्ष डम्वरु बल्लभ चापागाईंले आफ्नो कार्यकाललाई परिणाममुखी बनाउने प्रतिबद्धता व्यक्त गर्दै वातावरण संरक्षणलाई पहिलो प्राथमिकतामा राखिने बताए । उनले वृक्षारोपण, सरसफाइ तथा वातावरणीय सचेतनामूलक कार्यक्रमलाई निरन्तर सञ्चालन गरिने जानकारी दिए ।

त्यसैगरी, विद्यालयस्तरीय शैक्षिक गतिविधि, खेलकुद प्रतियोगिता, बाख्रापैँचो कार्यक्रम, महिला सशक्तीकरण, युवा लक्षित सीपमूलक तथा व्यावसायिक तालिम सञ्चालन गरिने योजना सार्वजनिक गरे ।

सामाजिक उत्तरदायित्व कार्यक्रमअन्तर्गत क्लबले सञ्चालन गरेको 'पढाऔँ अभियान' मार्फत अल्फा एकेडेमीमा अध्ययनरत छात्रा सविन वराललाई रु. ५ हजार नगद सहयोग प्रदान गरिएको थियो । यसैगरी धार्मिक तथा सांस्कृतिक सम्पदाको संरक्षणमा सहयोग पुऱ्याउने उद्देश्यले ओमकारेश्वर शिव मन्दिरलाई रु. ११ हजार नगद सहयोग प्रदान गरिएको थियो। सहयोग प्राप्त गर्ने पक्षलाई सम्मानसमेत गरिएको कार्यक्रममा जानकारी गराइयो।

समारोहमा पीएमसीसी लायन मनबहादुर रोक्का, डिष्ट्रिक्ट गभर्नर लायन्स सूर्यबहादुर केसी, लायन्स मल्टिपल काउन्सिल चेयरपर्सन केशरबहादुर भण्डारी, संस्थाका पूर्वअध्यक्ष लायन्स शैलेन्द्रमोहन भट्टराई, लायन्स मेजर रामप्रसाद गुरुङलगायत वक्ताले लायन्स क्लबले समाजको आवश्यकता र समयको मागअनुसार आफ्ना गतिविधिलाई थप प्रभावकारी बनाउनुपर्नेमा जोड दिएका थिए। उनीहरूले सेवा, नेतृत्व, पारदर्शिता र सामाजिक उत्तरदायित्वलाई केन्द्रमा राखेर अघि बढेमा संस्थाको गरिमा अझ उँचो हुने विश्वास व्यक्त गरे ।

वक्ताहरूले लायन्स अभियानले शिक्षा, स्वास्थ्य, वातावरण संरक्षण, विपद् व्यवस्थापन तथा मानव सेवाका क्षेत्रमा पुऱ्याउँदै आएको योगदान प्रशंसनीय रहेको उल्लेख गर्दै आगामी दिनमा स्थानीय सरकार, सामाजिक संघसंस्था तथा समुदायसँगको सहकार्यलाई अझ सुदृढ बनाउन सुझाव दिएका थिए ।

कार्यक्रममा क्लबका पदाधिकारी, पूर्वअध्यक्ष, विभिन्न लायन्स क्लबका प्रतिनिधि, सामाजिक अभियन्ता, शुभेच्छुक तथा सर्वसाधारणको उल्लेखनीय सहभागिता रहेको थियो। कार्यक्रमको सञ्चालन संस्थाका सचिव लायन्स केदारनाथ लामिछानेले गरेका थिए ।

## तपाईको आज

| | | | |
|---|---|---|---|
| मेष | : कार्यमा सफलता | तुला | : ब्यापारमा लाभ |
| वृष | : अप्रत्यसित लाभ | वृश्चिक | : झमेला बड्ने |
| मिथुन | : शारीरिक झमेला | धनु | : शुभ यात्रा |
| कर्कट | : सत्कार मिल्नेछ | मकर | : स्वास्थ्यमा सुधार |
| सिंह | : मानसिक तनाब | कुम्भ | : आर्थिक समस्या |
| कन्या | : सहयोग मिल्नेछ | मीन | : शत्रुको भय |

**हरिसिद्धि भविश्यवाणी केन्द्र**
पोखरा-१६, जोगिमणीमार्ग, मोबाइल: ९८५६०२०५८६
चिना, टिप, हस्तरेखा,आखत,माटो हेर्नका लागि सम्झनुहोस् ।

## कम्पनी खारेजी सम्बन्धमा जारी गरिएको सूचना

प्रकाशित सूचना २०८३/०४/१०

कम्पनी ऐन, २०६३ बमोजिम मिति २०७६-०२-०९ मा दर्ता भएको प्रा.लि. द. नं. २१५८२२ को नेपाल स्कूल अफ योगा प्रा.लि. कम्पनीको मिति २०८३/०४/०४ मा सम्पन्न भएको बिशेष सभाले कम्पनी ऐन, २०६३ को दफा २ (ग) बमोजिम स्वेच्छिक खारेजी (लिक्विडेशन) मा लैजाने विशेष प्रस्ताव पारित गर्ने निर्णय गरेकोले यस कम्पनीसँग कोहि कसैको कुनै किसिमको लेनदेन बाँकी बक्यौता भएमा तथ्ययुक्त आधार र सबुत प्रमाण सहित यो सूचना प्रकाशित गरिएको मितिले ३५ दिनभित्र निम्न लिखित लिक्विडेटरको कार्यालयमा हक दाबी गर्ने सम्बन्धित सबैको लागि यो सूचना प्रकाशित गरिएको छ । अन्यथा हक दाबी लाग्ने छैन । कानून बमोजिम भई जाने व्यहोरा सूचित गरिन्छ ।

**दामासायी व्यवसायी, लिक्विडेटरको कार्यालय:**
**रमेश हरि अधिकारी**
**इजाजत नं. ५४७ सम्पर्क : ९८५१०८९९८३**

## सनस्टार इनर्जी प्राइमेट लिमिटेड

**काठमाडौं जिल्ला का. म. न. पा. वडा नं. ३१**
**नयाँबानेश्वर, सम्पर्क नं. ९८०११३६०७१**
**इमेल**: sunstar2072@gmail.com

## विशेष साधारण सभा बस्ने सम्बन्धी सूचना

**प्रकाशित मिति २०८३।०४।१०**

यस कम्पनीको मिति २०८३ साल साउन महिना ०१ गते बसेको सञ्चालक समितिको बैठकबाट यस कम्पनीको नियमावलीको नियम १८ को उपनियम ३ बमोजिम विशेष साधारण सभा मिति २०८३।०४।०८ गतेका लागि आव्हान गरेकोमा उक्त दिन बसेको विशेष साधारण सभामा यस कम्पनीको नियमावलीको नियम २४ बमोजिम गणपुरक संख्या नपुगी विशेष साधारण सभा विधिवत रुपमा संचालन हुन नसकेकोले यस कम्पनीको नियमावलीको नियम १८ को उपनियम ६ बमोजिम पुन कम्पनीको विशेष साधारण सभा बोलाउन मिति २०८३ साल साउन महिना ०९ गते शनिवार बसेको कम्पनीको सञ्चालक समितिको बैठकको निर्णयानुसार यस कम्पनीको पुनः विशेष साधारण सभा देहाय बमोजिमको मिति, समय र स्थानमा निम्न विषयहरु उपर छलफल तथा पारित गर्न बस्ने भएको हुँदा सम्बन्धित सबैको जानकारीको लागि कम्पनीको नियमावलीको नियम १८ को उपनियम ६ बमोजिम यो सूचना प्रकाशित गरिएको छ ।

**विशेष साधारण सभा हुने मिति, समय तथा स्थान :**

सभा हुने मिति : २०८३/०४/१३
समय : बिहान ११:०० बजे
स्थान : कम्पनीको रजिष्टर्ड कार्यालय, काठमाडौं जिल्ला
का.म.न.पा वडा नं. ३१, नयाँबानेश्वर

**छलफलको लागि पेश गरिने विषयहरू:**

१) कम्पनीको विद्यमान अवस्था र कम्पनीले नेपाल सरकारवाट अनुमति प्राप्त गरि निर्माणाधिन अवस्थामा रहेको जलविद्युत आयोजनाको निर्माण, विकास तथा संचालनमा आइपर्न सक्ने कानुनी प्रशासनिक तथा आर्थिक सकट तथा जोखिमका सम्बन्धमा शेयरधनीहरुलाई सुसूचित गराउने तथा सम्भाव्य सकट तथा जोखिम समाधानको मार्गचित्र सम्बन्धी अध्यक्षको प्रतिवेदन प्रस्तुत गर्ने ।
२) कम्पनीको जारी पूँजी वृद्धि गर्न प्रबन्धपत्रको दफा ६ को (ख) संशोधन गर्ने सम्बन्धमा ।
३) नियमावलीको नियम २८ को उपनियम ३(क) संशोधन गर्ने विशेष प्रस्ताव सम्बन्धमा ।
४) कम्पनीको जगेडामा रहेको शेयर जारी तथा बिक्री गरी लगानी संकलन गर्ने कार्यका लागि सञ्चालक समितिलाई आवश्यक अख्तियारी प्रदान गर्ने सम्बन्धमा ।
५) विविध ।

**सञ्चालक समितिको निर्णय**
**बमोजिम**
**कम्पनी सचिव**

# धितो लिलामबारे १५ दिने अत्यन्त जरुरी सूचना

**दोस्रो पटक प्रकाशित मिति २०८३/०४/१०**

यस उपकार बचत तथा ऋण सहकारी संस्था लिमिटेडका तपशिल उल्लेखित शेयर सदस्यहरुले निम्न उद्देश्यका लागि विभिन्न मितिमा कर्जा लिई हालसम्म कर्जा नबुझाई भाखा नाघेकाले कर्जा रकम बुझाउने सम्बन्धमा यस सहकारी संस्थाले बारम्बार तर ताकेता, मौखिक भेटघाट गर्दा पनि आलटाल गरी बुझाउनु पर्ने कर्जाको साँवा र व्याज तथा संस्थाले पाउनुपर्ने अन्य रकम समेत नबुझाएको हुँदा कर्जा तिर्न आउनु भनी समाधान राष्ट्रीय दैनिक पत्रिकामा मिति २०८२/०२/०१ गते कर्जा चुक्ता गर्न आउने बारे ३५ दिने सार्बजनिक सूचना प्रकाशित गर्दा समेत ऋणीले बुझाउनु पर्ने रकम नबुझाएको हुँदा यो १५ दिने धितो लिलाम सम्बन्धी सूचना प्रकाशित गरिएको छ। उल्लेखित मिति भित्र पनि रकम दाखिला हुन नआएमा सहकारी ऐन २०७४ तथा प्रचलित ऐन नियम विनियम बमोजिम कर्जा लिँदा लेखिदिएको धितो लिलाम बिक्री वा अन्य व्यवस्था गरि यस सहकारी संस्थाको सम्पूर्ण लेना रकम असुल उपर गरिने व्यहोरा समेत जानकारी गराउँदछौं। साथै ऋण लिँदा धन जमानी दिने व्यक्तिहरुलाई समेत यसै सूचनाबाट जानकारी गराउदछौं।

| सि.नं | ऋणीको विवरण | ऋणीको फोटो | धन जमानीको विवरण | धन जमानीको फोटो |
|---|---|---|---|---|
| १ | **ऋणीको नाम:**<br>**ज्ञानु कामी**<br>ना.प्र.नं. : ९४०१७, कास्की<br>स्थायी ठेगाना :<br>धम्पुस गा.बि.स.-०८, कास्की<br>अस्थायी ठेगाना :<br>पो.म.न.पा.-२५, हेम्जा, कास्की<br>बुबाको नाम: सन्ते कामी<br>पतिको नाम : हमाल कामी<br>उद्देश्य : घर जग्गा कर्जा |  | **१. नाम: फुलमाया विश्वकर्मा**<br>ना.प्र.नं. :४६-०१-७१-०७४५१, कास्की<br>स्थायी ठेगाना : धम्पुस गा.बि.स.-०९, कास्की<br>अस्थायी ठेगाना : धम्पुस गा.बि.स. -०९, कास्की<br>बुबाको नाम: टिका राम सुनार<br>पतिको नाम : खुसीमान विश्वकर्मा<br>**२. नाम: कमला क्षेत्री**<br>ना.प्र.नं.: ४४१ , पर्वत<br>स्थायी ठेगाना : बाच्छा गा.बि.स.-०५, पर्वत<br>अस्थायी ठेगाना : बाच्छा गा.बि.स.-०५, पर्वत<br>बुबाको नाम: चित्र बहादुर कार्की<br>बाजेको नाम : भद्र बहादुर क्षेत्री | <br> |
| | **धितोको विवरण:** ऋणी ज्ञानु कामीका नाउँमा मालपोत कार्यालय कास्कीमा दर्ता कायम रहेको-गर्लाङ छहरेपानी गा.वि.स-०३, कास्कीको कि.नं. ६९४ क्षेत्रफल १-८-१-१ (७७३.०० व.मि.) जग्गा | | | |
| २ | **ऋणीको नाम:**<br>**तुल बहादुर विश्वकर्मा**<br>ना.प्र.नं. : २९० ग.का.स., कास्की<br>स्थायी ठेगाना : साबिक कास्की, सराङकोट ०३, हाल पो.म.न.पा. १८, कास्की<br>अस्थायी ठेगाना : पो.म.न.पा. १८, कास्की<br>बुबाको नाम : लिल बहादुर विश्वकर्मा<br>बाजेको नाम : ध्वजे<br>उद्देश्य : घर जग्गा कर्जा |  | **१. नाम : लोक बहादुर विश्वकर्मा**<br>ना.प्र.नं. :<br>स्थायी ठेगाना : साबिक सराङकोट ०३,<br>हाल: पो.म.न.पा. १८, कास्की<br>बुबाको नाम: तुल बहादुर विश्वकर्मा<br>बाजेको नाम : लिल बहादुर विश्वकर्मा<br>**२. धनजमानी दिने नाम : अर्जुन विश्वकर्मा**<br>ना.प्र.नं. : ४६-०१-७१-००४३६<br>स्थायी ठेगाना : साबिक सराङकोट ०३,<br>हाल पो.म.न.पा. १८, कास्की<br>अस्थायी ठेगाना: पो.म.न.पा. १८, कास्की<br>बाबुको नाम: रण बहादुर विश्वकर्मा<br>बाजेको नाम : तुल बहादुर विश्वकर्मा<br>**३. नाम : लक्ष्मी विश्वकर्मा**<br>ना.प्र.नं. : १४४३५१<br>स्थायी ठेगाना : साबिक सराङकोट ०३,<br>हाल पो.म.न.पा. १८, कास्की<br>अस्थायी ठेगाना: पो.म.न.पा. १८, कास्की<br>बुबाको नाम: सुन्तले विश्वकर्मा<br>पतिको नाम : रण बहादुर विश्वकर्मा | <br> |
| | **धितोको विवरण:** ऋणी तुल बहादुर विश्वकर्माका नाउँमा मालपोत कार्यालय पोखरामा दर्ता कायम रहेका जग्गाहरु-साबिक पदेली वार्ड नं. ६, हाल पो.म.न.पा. १८, कास्कीमा रहेको कि.नं. ९६, क्षेत्रफल ०-२-०-१ र कि.नं. २०१, क्षेत्रफल ०-४-०-१ | | | |
| ३ | **ऋणीको नाम :**<br>**रण बहादुर विश्वकर्मा**<br>ना.प्र.नं. : ४८७<br>स्थायी ठेगाना : साबिक कास्की सराङकोट ०३,<br>हाल पो.म.न.पा. १८, कास्की<br>अस्थायी ठेगाना : पो.म.न.पा. १८, कास्की<br>बाबुको नाम : तुल बहादुर विश्वकर्मा<br>बाजेको नाम : लिल बहादुर विश्वकर्मा<br>उद्देश्य : घर जग्गा कर्जा |  | **१. नाम : लोक बहादुर विश्वकर्मा**<br>ना.प्र.नं. :<br>स्थायी ठेगाना : साबिक सराङकोट ०३,<br>हाल पो.म.न.पा. १८, कास्की<br>अस्थायी ठेगाना : पो.म.न.पा. १८, कास्की<br>बाबुको नाम: तुल बहादुर विश्वकर्मा<br>बाजेको नाम : लिल बहादुर विश्वकर्मा<br>**२. नाम : अर्जुन विश्वकर्मा**<br>ना.प्र.नं. : ४६-०१-७१-००४३६<br>स्थायी ठेगाना : साबिक सराङकोट ०३,<br>हाल पो.म.न.पा. १८, कास्की<br>अस्थायी ठेगाना : पो.म.न.पा. १८, कास्की<br>बाबुको नाम: रण बहादुर विश्वकर्मा<br>बाजेको नाम : तुल बहादुर विश्वकर्मा<br>**३. नाम : लक्ष्मी विश्वकर्मा**<br>ना.प्र.नं. : १४४३५१<br>स्थायी ठेगाना : साबिक सराङकोट ०३,<br>हाल पो.म.न.पा. १८, कास्की<br>अस्थायी ठेगाना : पो.म.न.पा. १८, कास्की<br>बाबुको नाम: सुन्तले विश्वकर्मा<br>पतिको नाम : रण बहादुर विश्वकर्मा | <br> |
| | **धितोको विवरण:** ऋणी रण बहादुर विश्वकर्मा का नाउमा मालपोत कार्यालय पोखरामा दर्ता कायम रहेका जग्गाहरु-पदेली वार्ड नं. ६, हाल पो.म.न.पा. १८, कास्की मा रहेको कि.नं. २७४, क्षेत्रफल ०-८-२-१ र कि.नं. २०४, क्षेत्रफल ०-१-२-० | | | |
| ४ | **ऋणीको नाम : रसिला सुनार**<br>ना.प्र.नं. : ४९१००३/१८२३६<br>स्थायी ठेगाना :पिप्ले -४, म्याग्दी<br>अस्थायी ठेगाना : पो.म.न.पा. २, बाग्लुङ बसपार्क, कास्की<br>पतिको नाम :शुक बहादुर बि.क.<br>उद्देश्य : ब्यापार कर्जा |  | **१. नाम : श्रीमती हेमा घताने**<br>ना.प्र.नं.: २७१/६०९६०९९७ मुस्ताङ<br>स्थायी ठेगाना : मार्फा, वडा नं. १, मुस्ताङ<br>अस्थायी ठेगाना : लम्ब्री हिल, पो.म.न.पा.-५, कास्की<br>बाबुको नाम: हरीलाल रामदास<br>पतिको नाम : राजु घताने<br>**२. नाम : शुक बहादुर बि.क.**<br>ना.प्र.नं. १७/१९१११६३२ मुस्ताङ<br>स्थायी ठेगाना : घमि गा.वि.स.०३, मुस्ताङ<br>अस्थायी ठेगाना : पो.म.न.पा. २, बाग्लुङ बसपार्क, कास्की<br>बुबाको नाम: रमेश विश्वकर्मा | <br> |
| | **धितोको विवरण:**ऋणी रसिला सुनारका नाउमा मालपोत कार्यालय पोखरामा दर्ता कायम रहेको जग्गा - कास्की अर्मला ०२ मा रहेको कि.नं. ८६०,क्षेत्रफल ०-७-१-१ | | | |

| | ऋणीको विवरण | ऋणीको फोटो | धन जमानीको विवरण | धन जमानीको फोटो |
|---|---|---|---|---|
| ५ | **ऋणीको नाम :**<br>**श्रीमती हेमा घताने**<br>ना.प्र.नं. : २७१/६०९६०९९७ मुस्ताङ<br>स्थायी ठेगाना : मार्फा, वडा नं. १, मुस्ताङ<br>अस्थायी ठेगाना : लम्ब्री हिल, पोखरा-५,<br>बाबुको नाम: हरीलाल रामदास<br>पतिको नाम : राजु घताने<br>उद्देश्य : ब्यापार कर्जा |  | **१. नाम : राजु घताने**<br>ना.प्र.नं ६९९११४४, मुस्ताङ<br>स्थायी ठेगाना : मार्फा, वडा नं. १, मुस्ताङ<br>अस्थायी ठेगाना : लम्ब्री हिल, पो.म.न.पा.-५,कास्की<br>बुबाको नाम : रण बहादुर घताने<br>बाजेको नाम : कर्ण सिंह घताने<br>**२. नाम : रसिला सुनार**<br>ना.प्र.नं. : ४९१००३/१८२३६<br>स्थायी ठेगाना : पिप्ले -४, म्याग्दी<br>अस्थायी ठेगाना : पोखरा-२, बाग्लुङ बसपार्क, कास्की<br>पतिको नाम : शुक बहादुर बि.क. | <br> |
| | **धितोको विवरण:** ऋणी श्रीमती हेमा घताने का नाउमा मालपोत कार्यालय पोखरामा दर्ता कायम रहेका जग्गा-अर्मला ०२ मा रहेको कि.नं. ८५९, क्षेत्रफल ०-१०-०-० | | | |
| ६ | **ऋणीको नाम : दुर्गा परियार**<br>ना.प्र.नं. २१०८, चितवन<br>स्थायी ठेगाना : कल्याणपुर गा.बि.स-०१, चितवन<br>अस्थायी ठेगाना : पोखरा म.न.पा.-१८, कास्की<br>पतिको नाम: सन्त बहादुर परियार<br>बाजेको नाम : गुने<br>उद्देश्य : घर जग्गा कर्जा |  | **१. नाम : सन्त बहादुर परियार**<br>ना.प्र.नं. ४२०६१८२९, चितवन<br>स्थायी ठेगाना : कल्याणपुर,-०१ चितबन<br>अस्थायी ठेगाना : पोखरा म.न.पा.-१८, कास्की<br>बुबाको नाम: गुने<br>बाजेको नाम : अतिराम परियार<br>**२. नाम : किसाने दमै**<br>स्थायी ठेगाना : पोखरा-०६, कास्की<br>अस्थायी ठेगाना : पोखरा -०६, कास्की<br>बुबाको नाम: चमारे दमै<br>बाजेको नाम : कैले दमै |  |
| | **धितोको विवरण:** ऋणी दुर्गा परियार का नाउँमा मालपोत कार्यालय कास्कीमा दर्ता कायम रहेका जग्गाहरु- म्यारजाती-०४,कास्की हाल पोखरा म.न.पा. १८, कास्की कि.नं. ७३९, ८३३, क्षेत्रफल ०-७-०-२, र ०-२-२-० | | | |
| ७ | **ऋणीको नाम: कमला क्षेत्री**<br>ना.प्र.नं. :४४१, पर्वत<br>स्थायी ठेगाना : बाच्छा गा.बि.स.-०५, पर्वत<br>अस्थायी ठेगाना : पो.म.न.पा.-५,कास्की<br>पतिको नाम : भद्र बहादुर क्षेत्री<br>बाजेको नाम : टिकाराम क्षेत्री<br>उद्देश्य : ब्यापार कर्जा |  | **१. नाम : अन्जान क्षेत्री**<br>ना.प्र.नं. ५१-०१-७८-००५४१, पर्वत<br>स्थायी ठेगाना : बिहादी -०१, पर्वत<br>अस्थायी ठेगाना : पोखरा म.न.पा.-०५, कास्की<br>बुबाको नाम: भद्र बहादुर क्षेत्री<br>बाजेको नाम : टिकाराम क्षेत्री<br>**२. धनजमानी दिने नाम : अजित क्षेत्री**<br>ना.प्र.नं. ५१-०१-७३-०४०२५, पर्वत<br>स्थायी ठेगाना : बिहादी -०१, पर्वत<br>अस्थायी ठेगाना : पोखरा म.न.पा.-०५, कास्की<br>बुबाको नाम: भद्र बहादुर क्षेत्री<br>बाजेको नाम : टिकाराम क्षेत्री<br>**३. नाम : भद्र बहादुर क्षेत्री**<br>ना.प्र.नं. ३५५६, पर्वत<br>स्थायी ठेगाना : बिहादी -०१, पर्वत<br>अस्थायी ठेगाना : पोखरा म.न.पा.-०५, कास्की<br>बुबाको नाम: टिकाराम क्षेत्री<br>बाजेको नाम : हरी राम क्षेत्री | <br> |
| | **धितोको विवरण:** ऋणी कमला क्षेत्री का नाउमा मालपोत कार्यालय कास्कीमा दर्ता कायम रहेको जग्गा - कास्कीकोट ०७, कास्की हाल पो.म.न.पा. १८ कास्की को कि.न ३६५७ क्षेत्रफल ३-०-०-०, | | | |
| ८ | **ऋणीको नाम :**<br>**यम प्रसाद कंडेल**<br>ना.प्र.नं. :१८८६२,कास्की<br>स्थायी ठेगाना : चापाकोट गाबिस-०६, कास्की<br>अस्थायी ठेगाना : पो.म.न.पा.-२३, कास्की<br>बुबाको नाम : बिद्यापति कंडेल<br>बाजेको नाम : चिन्तामणी कंडेल<br>उद्देश्य : घर जग्गा कर्जा |  | **१.नाम : डिलमाया कंडेल**<br>ना.प्र.नं. :२४८१५ कास्की<br>स्थायी ठेगाना : चापाकोट गा.बि.स.-०६, कास्की<br>अस्थायी ठेगाना : पो.म.न.पा.-२३, कास्की<br>पतिको नाम : यम प्रसाद कंडेल<br>बाजेको नाम: बिद्यापति कंडेल |  |
| | **धितोको विवरण:** ऋणी यम प्रसाद कंडेल का नाउँमा मालपोत कार्यालय कास्कीमा दर्ता कायम रहेका जग्गाहरु - चापाकोट गा.वि.स-०६, कास्कीका कि.न १३०५ क्षेत्रफल ०-४-३-० (१५१.०१ व.मि.), कि.न १३०१ क्षेत्रफल २-८-०-० (१२७१.८० व.मि.), कि.न १३२८ क्षेत्रफल ०-६-०-० (१९०.७४ व.मि.), कि.न १३१० क्षेत्रफल ०-३-२-० (१११.२७ व.मि.) कि.न १३२५ क्षेत्रफल ०-११-०-० (३४९.६९ व.मि.), कि.न १३१४ क्षेत्रफल ०-८-०-० (२५४.३२ व.मि.), कि.न १३२० क्षेत्रफल ०-१०-०-० (३१७.९० व.मि.) | | | |

**उपकार बचत तथा ऋण सहकारी संस्था लिमिटेड**
पोखरा महानगरपालिका-६, नारेश्वर, बसन्त बैठक, कास्की
फोन: ०६१-४५१३९२, ४५४६६३